आ.व. २०८१।८२ को पाँचौ बैठक (२०८१।०८।०२)

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा।
२. सरुवा सहमती प्रदान गर्ने सम्बन्धमा ।
३. कर्मचारी सरुवा सम्बन्धमा ।
४. सरुवा कार्यान्वयन सम्बन्धमा ।
५. विकास निर्माणका योजना कार्यान्वयन सम्बन्धमा।
६. ११ नं वडा कार्यालय भवन निर्माण तथा जग्गा व्यवस्थापन सम्वन्धमा।
७. विषयगत समिति (कार्यसंञ्चालन) कार्यविधि पारित गर्ने सम्वन्धमा।
८. कार्यालय सहयोगी व्यवस्थापन सम्वन्धमा।
९ . कुपिण्डेताल ढुङ्गा व्यवस्थापन सम्बन्धमा।
१०. वडा कार्यालय भवन निर्माणका लागि अपुग रकम सुनिश्चितता सम्बन्धमा।
११. सडक बोर्डको सडक मर्मत सम्भार कार्यक्रम सम्बन्धमा।
१२. राहत सम्बन्धमा ।
१३. शौचालय मर्मत सम्बन्धमा ।
१४. प्रभाकार मा.वि. भवन फिनिसिङ का लागि अपुग रकम सुनिश्चितता सम्वन्धमा ।

**निर्णयहरु:**

१. नगरकार्यपालिको अघिल्लो बैठक्ले नगरपालिका भित्रका विभिन्न सडकहरु मर्मत गर्ने निर्णय गरिएकोमा वडाको बजेट तथा नगरपालिकाको ब्याक्होलोडर प्रयोग गरी आवश्यक मर्मत गरियो, सबै वडामा वडा शिक्षा समिति गठन गर्ने निर्णय भएकोमा कुनै पनि वडामा समिति गठन हुन सकेन तथा राहात प्रदान गर्ने निर्णय भएका सबै लाभग्राहीहरुलाई राहात उपलब्ध गराईयो।

२. यस नगरपालिकाको स्विकृत दरबन्दीमा पदाधिकार रहि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विभिन्न मितिको पत्रबाट विभिन्न स्थानिय तहमा कामकाजमा खटिनु भएका कर्मचारीहरुले उक्त स्थानिय तहहरुमा पदस्थापनका लागि सहमती माग गरेको खण्डमा सहमती प्रदान गर्ने निर्णय गरियो।

३. यस नगरपालिका अन्तर्गतका विभिन्न वडा तथा स्वास्थ्य संस्थामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुलाई तपशिल बमोजिम वडा तथा स्वास्थ्य संस्थामा कामकाजमा खटाउने निर्णय गरियो ।

| सि. नं. | कर्मचारीको नाम | पद | कार्यरत कार्यालय/संस्था | कामकाज गर्ने खटाउने कार्यालय/संस्था |
|---|---|---|---|---|
| १ | तारा खनाल | हेल्थ असिष्टेन्ट | औलबेसी स्वास्थ्य चौकी | देवस्थल स्वास्थ्य चौकी |
| २ | जनक कोइराला | वडा सचिव | ६ नं वडा कार्यालय | १ नं वडा कार्यालय |
| ३ | दुर्गा उपाध्याय | वडा सचिव | १ नं वडा कार्यालय | ६ नं वडा कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत

४. नगरकार्यपालिकाको मिति २०८१।०४।३२ गतेको बैठकबाट देवस्थल स्वास्थ्य चौकीमा कार्यरत जनस्वास्थ्य निरिक्षक भुमा बुढाथोकीलाई बाँझकोट स्वास्थ्य चौकीमा कामकाज गर्न खटाईएकोमा निजले स्वास्थ्य र पारिवारिक समस्याका कारण कामकाज गर्न खटाइएको ठाउमा जान नसक्ने जवाफ पेश गरेकोमा उक्त जवाफ चित्तबुझ्दो नभएकोले निजलाई कामकाज गर्न खटाइएकै ठाउमा पठाउने निर्णय गरियो।

५. चालु आ.व. का लागि स्विकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि स्विकृत वार्षिक कार्ययोजना अनुरुप नै योजना तथा कार्यक्रम संचालन गर्ने प्रतिबद्धता व्यक्त गरियो।

६. यस नगरपालिका वडा नं ११ को वडा कार्यालय भवन निर्माणका लागि टेण्डर आह्वन भई खरिद सम्झौता भएको अवस्थामा निर्माण स्थलमा पहिरोले पर्खाल भत्काई भवन बनाउन नसकिने भएकोले उक्त भवन निर्माणका लागि बैकल्पिक स्थान पहिचान गरी भवन निर्माण गर्ने निर्णय गरियो।

७. वनगाड कुपिण्डे नगरपालिकाको विषयगत समिति (कार्यसंञ्चालन) कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

८. यस नगरपालिका अन्तर्गत औलवेशी स्वास्थ्य चौकी, औलवेशी र पशु सेवा केन्द्र ढोरपिपलमा कार्यालय सहयोगी नहुदा सेवा प्रवाहमा कठिनाई भएकोले उक्त कार्यालयहरुमा कार्यालय सहयोगी नियुक्ती गर्ने र कार्यालय सहयोगी नियुक्ति गर्ने प्रयोजनार्थ सम्बन्धित वडाको वडा सचिवको संयोजकत्वमा ३ सदस्यिय पदपूर्ति समित गठन गरी कार्यालय सहयोगी छनोट गर्ने र करार सम्झौता गर्न नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

९. चालु आ.व. को आर्थिक ऐनमा कुपिण्डे तालमा ढुङ्गा संचालनका लागि राजश्व तिर्नुपर्ने व्यवस्था भएकोमा कतिपय ढुङ्गा व्यावसायीहरुले राजश्व नबुझाएरै ढुङ्गा संचालन गरिरहेको पाईएकोले उक्त व्यावसायीहरुलाई राजश्व बुझाएर मात्र ढुङ्गा संचालन गर्न अनुरोध गर्ने र नबुझाएमा नियामानुसार कारबाही गर्ने निर्णय गरियो ।

१०. यस नगरपालिका अन्तर्गत वडा नं ९ र १२ को वडा कार्यालय भवन निर्माणका लागि चालु आ व मा प्रति वडा कार्यालय रु. ८० लाख रकम विनियोजन भएकोमा उक्त भवनहरु निर्माणका लागि प्रति भवन रु १ करोड ४ लाख बराबरको लागत अनुमान तयार भएकोले अपुग रकम आगामि नगरसभा बाट विनियोजन गर्ने गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

११. सडक बोर्ड नेपाल को प.सं. २०८१।८२, च नं ४४० र मिति २०८१।०६।१३ गतेको पत्र बाट चालु आ.व. २०८१।८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि यस नगरपालिकालाई रु. ४०,००,०००।— (चालीस लाख) विनियोजन भएकोले सडक बोर्ड नियमावली, २०६० बमोजिम

२०८१।०७।१२
प्रमुख प्रशासकीय अधिकृत

[redacted]

ब्यहोर्नुपर्ने Matching Fund ब्यहोर्ने र सो अन्तर्गत तपशिल बमोजिम कार्यक्रम स्विकृत गरि सहमतिको लागि पेश गर्ने निर्णय गरियो।

| क्र स | योजनाको नाम | सडक बोर्डको बजेट | नगरपालिकाको साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १ | सल्लीवजार चोकदेखि मिल सम्म सडक मर्मत | ४०००००० | १२००००० | |

१२. यस नगरपालिका वडा नं ४ बस्ने विरे कामीको छोरा राम वहादुर वि.क. ले औषधि उपचारका लागि राहात पाउ भनि निवेदन पेश गरेकोमा नगरपालिकाको आर्थिक सहायता कार्यविधि बोमोजिम रु १० हजार राहात उपलब्ध गराईने निर्णय गरियो ।

१३. यस नगरपलिका वडा नं १ स्थित प्रभाकर मा.वि. मा शौचालय मर्मत संभारका लागि मर्मत संभार शिर्षकबाट रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

१४. चालु आ.व. को वार्षिक बजेटमा प्रभाकर मा.वि. देवस्थलको भवन फिनिसिङ कार्यको लागि रु.२० लाख विनियोजन गरिएकोमा सो कार्य सम्पन्न गर्नका लागि रु.२२,९५,७८७.४९ आवश्यक पर्ने गरी लागत अनुमान तयार भएकोले अपुग रकम आगामि नगरसभाबाट विनियोजन गर्ने गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

[redacted]